सुदूरपश्चिम प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
धनगढी, कैलाली

# सुदूरपश्चिम प्रदेश सार्वजनिक खरिद नियमावली, २०७८

मन्त्रिपरिषद्बाट स्वीकृत मिति : २०७९/२/२२

| संशोधन | प्रदेश राजपत्रमा प्रकाशित मिति |
| --- | --- |
| सुदूरपश्चिम प्रदेश सार्वजनिक खरिद (पहिलो संशोधन) नियमावली, २०७९ | मिति २०७९/२/२६ |

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी सुदूरपश्चिम प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "सुदूरपश्चिम प्रदेश सार्वजनिक खरिद नियमावली, २०७८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) अधिकार प्राप्त अधिकारी भन्नाले सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र यस नियमावली बमोजिम खरिद सम्बन्धी कार्य स्वीकृत गर्ने अधिकार प्राप्त अधिकारी सम्झनु पर्छ ।

(ख) "एक तह माथिको अधिकारी" भन्नाले सरकारी निकायतर्फ सम्बन्धित सार्वजनिक निकाय भन्दा माथिल्लो निकाय भए सो निकायको प्रमुख र त्यस्तो निकाय नभएमा सम्बन्धित मन्त्रालयको सचिव, सचिवको हकमा सम्बन्धित विभागीय मन्त्री वा राज्यमन्त्री, प्रदेशस्थित आयोगको सचिव वा प्रशासकीय प्रमुखको हकमा सम्बन्धित आयोगको प्रमुख र अन्य निकायको हकमा खरिद गर्ने निकाय भन्दा एक तह माथिको निकाय भए त्यस्तो निकायको प्रमुख र त्यस्तो निकाय नभएको हकमा त्यस्तो निकायको सञ्चालक समिति वा त्यस्तै अन्य निकाय सम्झनु पर्छ ।

सुदूरपश्चिम प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
धनगढी, कैलाली

(ग) "ऐन" भन्नाले सार्वजनिक खरिद ऐन, २०६३ सम्झनु पर्छ ।

(घ) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारका मन्त्रालय सम्झनु पर्छ र सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत जनाउँछ।

(च) "विभागीय प्रमुख" भन्नाले प्रदेश सरकार अन्तर्गतको राजपत्राङ्कित प्रथम श्रेणी वा अधिकृतस्तर एघारौं तह वा सो सरहको दरबन्दी रहेको विभाग वा निर्देशनालयको प्रमुखको रुपमा काम गर्ने पदाधिकारी सम्झनु पर्छ ।

(छ) "सचिव" भन्नाले मन्त्रालयको प्रदेश सचिव सम्झनु पर्छ र सो शब्दले प्रदेश सरकारको सचिव सरहको काम गर्ने अधिकृतलाई समेत जनाउँछ ।

(ज) "सार्वजनिक निकाय" भन्नाले देहायका निकाय सम्झनु पर्छः-

(१) प्रदेश सरकारका मन्त्रालय, सचिवालय, आयोग, निर्देशनालय वा सो अन्तर्गतका अन्य जुनसुकै सरकारी निकाय वा कार्यालय,

(२) प्रदेश कानून बमोजिम गठित प्रदेश सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा रहेको प्राधिकरण, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद्, संस्थान, कम्पनी, निगम, कोष, समिति वा यस्तै प्रकृतिका अन्य संगठित संस्था,

(३) प्रदेश सरकारद्वारा सञ्चालित वा प्रदेश सरकारको पूर्ण वा अधिकांश अनुदान प्राप्त विश्वविद्यालय, महाविद्यालय, अनुसन्धान केन्द्र वा यस्तै प्रकृतिका अन्य प्राज्ञिक वा शैक्षिक संस्था,

(४) प्रदेश सरकारको ऋण वा अनुदानमा सञ्चालित संस्था,

(५) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय भनी तोकेको अन्य संस्था ।

सुदूरपश्चिम प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
धनगढी कैलाली

३. <u>लागत अनुमानको स्वीकृतिः</u> (१) सार्वजनिक निकायले मालसामान, निर्माण कार्य र सेवा खरिदको लागत अनुमान देहायको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछः-

(क) पाँच करोड रुपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित तृतीय श्रेणी वा अधिकृतस्तर सातौं वा आठौं तहको कार्यालय प्रमुख,

(ख) दश करोड रुपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित द्वितीय श्रेणी वा अधिकृतस्तर नवौं वा दशौं तहको कार्यालय प्रमुख,

(ग) पचास करोड रुपैंयासम्मको लागत अनुमान विभागीय प्रमुख,

(घ) पचास करोड रुपैंया भन्दा बढीको लागत अनुमान सचिव ।

(२) सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान देहायको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछः-

(क) बीस लाख रुपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित तृतीय श्रेणी वा अधिकृतस्तर सातौं वा आठौं तहको कार्यालय प्रमुख,

(ख) पचास लाख रुपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित द्वितीय श्रेणी वा अधिकृतस्तर नवौं वा दशौं तहको कार्यालय प्रमुख,

(ग) तीन करोड रुपैयाँ सम्मको लागत अनुमान विभागीय प्रमुख,

(घ) तीन करोड रुपैंयाभन्दा बढीको लागत अनुमान सचिव ।

(३) सार्वजनिक निकायको प्रमुख आफैंले यस नियम बमोजिम लागत अनुमान स्वीकृत गर्न नमिल्ने भएमा एक तह माथिको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ ।

(४) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालय, आयोग, सचिवालय र यस्तै प्रकृतिका अन्य निकायका सचिव वा सो सरहका प्रशासकीय प्रमुखले आफ्नो कार्यालयको लागि गरिने खरिदको जतिसुकै रकमको लागत अनुमान स्वीकृत गर्न सक्नेछ ।

सुदूरपश्चिम प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
धनगढी, कैलाली

४. <u>बोलपत्र स्वीकृत गर्ने अधिकारी:</u> (१) निर्माण कार्य, मालसामान खरिद र अन्य सेवा खरिद गर्दा देहायको रकमको बोलपत्र स्वीकृत गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछः-

(क) दश करोड रुपैयाँसम्मको राजपत्राङ्कित तृतीय श्रेणी वा अधिकृतस्तर सातौं वा आठौं तहको कार्यालय प्रमुख,

(ख) बीस करोड रुपैयाँसम्मको राजपत्राङ्कित द्वितीय श्रेणी वा अधिकृतस्तर नवौं र दशौं तहको कार्यालय प्रमुख,

(ग) पचहत्तर करोड रुपैयाँ सम्मको विभागीय प्रमुख,

(घ) पचहत्तर करोड रूपैंया भन्दा बढी सचिव ।

(२) मन्त्रालय, आयोग वा सो सरहको कार्यालय प्रमुख वा प्रशासकीय प्रमुखले आफ्नो वा अन्तर्गतको कार्यालयका लागि गरिने खरिदको जतिसुकै रकमको बोलपत्र स्वीकृत गर्न सक्नेछ ।

(३) कुनै सार्वजनिक निकायको प्रमुखले उपनियम (१) बमोजिमको बोलपत्र आफैंले स्वीकृत गर्न नमिल्ने भएमा एक तह माथिको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ ।

५. <u>परामर्श सेवा सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने अधिकारी</u>: (१) देहायको रकमको परामर्श सेवा सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछः-

(क) बीस लाख रुपैयाँसम्मको राजपत्राङ्कित तृतीय श्रेणी वा अधिकृतस्तर सातौं वा आठौं तहको कार्यालय प्रमुख,

(ख) एक करोड रुपैयाँसम्मको राजपत्राङ्कित द्वितीय श्रेणी वा अधिकृतस्तर नवौं वा दशौं तहको कार्यालय प्रमुख,

(ग) पन्ध्र करोड रुपैंया सम्मको विभागीय प्रमुख,

(घ) पन्ध्र करोड रुपैयाँ भन्दा बढीको सचिव ।

सुदूरपश्चिम प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
धनगढी, कैलाली

(२) मन्त्रालय, आयोग वा सो सरहको कार्यालयका प्रमुख वा प्रशासकीय प्रमुखले आफ्नो वा अन्तर्गतको कार्यालयका लागि गरिने खरिदको जतिसुकै रकमको परामर्श सेवा सम्बन्धी प्रस्ताव स्वीकृत गर्न सक्नेछ ।

(३) कुनै सार्वजनिक निकायको प्रमुखले उपनियम (१) बमोजिमको बोलपत्र आफैंले स्वीकृत गर्न नमिल्ने भएमा एक तह माथिको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ ।

६. भेरिएशन आदेश:(१) खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थितिमा सम्झौता कार्यान्वयनको क्रममा आवश्यक भएमा सोको स्पष्ट कारण खुलाई देहाय बमोजिमको अधिकारीले देहाय बमोजिमको भेरिएशन आदेश जारी गर्न सक्नेछः-

(क) पाँच प्रतिशत सम्मको भेरिएशन सम्बन्धित सार्वजनिक निकायको राजपत्राङ्कित द्वितीय श्रेणी वा अधिकृतस्तर नवौं वा दशौं तहको कार्यालय प्रमुखले,

(ख) पन्ध्र प्रतिशत सम्मको भेरिएशन विभागीय प्रमुखले,

(ग) पच्चीस प्रतिशत सम्मको भेरिएशन सम्बन्धित मन्त्रालयको सचिवले,

(घ) पच्चीस प्रतिशत भन्दा माथिको भेरिएशन नियम २ को खण्ड (ज) को उपखण्ड (१) बमोजिमको सार्वजनिक निकायको हकमा प्रदेश सरकार (मन्त्रिपरिषद्) ले र सो बाहेकका अन्य सार्वजनिक निकायको हकमा सो निकायको सर्वोच्च कार्यकारी निकायले ।

(२) उपनियम (१) को खण्ड (घ) बमोजिम भेरिएशन आदेश जारी गर्दा नियम २ को खण्ड (ज) को उपखण्ड (१) बमोजिमको सार्वजनिक निकायको हकमा सम्बन्धित मन्त्रालयले विशेषज्ञ रहेको समूह गठन गरी सो समूह मार्फत आवश्यक जाँचबुझ गराई प्राप्त सिफारिस सहित सम्बन्धित मन्त्रालयको प्रस्तावमा प्रदेश सरकार (मन्त्रिपरिषद्)ले र सो बाहेक अन्य सार्वजनिक निकायको हकमा सो निकायको सर्वोच्च कार्यकारी निकायले विशेषज्ञ रहेको समूह गठन गरी सो मार्फत आवश्यक जाँचबुझ गराई प्राप्त सिफारिसको आधारमा मात्र भेरिएशन आदेश जारी गर्न सक्नेछ।

सुदूरपश्चिम प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
धनगढी, कैलाली

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि लागत अनुमान स्वीकृत गर्ने अधिकारी भन्दा तल्लो तहको अधिकारीले भेरिएशन आदेश जारी गर्न सक्ने छैन ।

(४) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि साठी लाख रुपैयाँसम्मको खरिद कार्यको पन्ध्र प्रतिशत भन्दा माथिको भेरिएशन आदेश सम्बन्धित विभागीय प्रमुखले जारी गर्न सक्नेछ ।

७. सहयोग लिन सक्ने: सार्वजनिक खरिद विवरण तयार भएपछि खरिदको निर्णय गर्ने अधिकारीले यसको गुणस्तर र मूल्यमा आश्वस्त हुन आवश्यक प्रशासकीय वा प्राविधिक सहयोग लिनका लागि निष्पक्ष विज्ञबाट अध्ययन गराउन सक्नेछ ।

८. विभागीय प्रमुखको अधिकार प्रयोग सम्बन्धी व्यवस्था: प्रदेश सरकारका मन्त्रालय अन्तर्गत राजपत्राङ्कित प्रथम श्रेणी वा अधिकृतस्तर एघारौं तहको प्रमुख रहने विभाग वा निर्देशनालय प्रमुख नभएमा मन्त्रालयको सचिवले विभागीय प्रमुखको समेत अधिकार प्रयोग गर्नेछ ।

९. खरिद कार्यको अनुगमन: यस नियमावली बमोजिम सार्वजनिक निकायबाट भएको खरिद सम्बन्धी कार्यको अनुगमन गर्ने अधिकार संघीय कानून बमोजिम स्थापना भएको सार्वजनिक खरिद अनुगमन कार्यालयलाई हुनेछ ।

१०. प्रचलित कानून बमोजिम हुने: यस नियमावलीमा लेखिएका कुराहरुमा सोही बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

११. बाधा अड्काउ फुकाउने अधिकार: यस नियमावलीको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा प्रदेश सरकारले सो बाधा अड्काउ फुकाउनको लागि प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी आवश्यक आदेश जारी गर्न सक्नेछ ।

***